तिलाठीकोइलाडी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
तिलाठी,सप्तरी
प्रदेश नं. २, नेपाल

## गोप्यशिलबन्दीटेन्डरआह्वानको सूचना नं. ४।०७६।०७७

पाचौ पटक प्रकाशितमिति : २०७७/०७/०४ गते

यस गाउँपालिकाको वडा नं. ८ तोपाको मवेशी हटिया आगामीआर्थिक बर्ष २०७७/०७८ का लागिगोप्य शिलबन्दी टेन्डरबाट ठेक्कालगाउनु पर्ने भएकोले सबैको जानकारीको लागि यो सूचनाप्रकाशित गरिएको छ । उक्त ठेक्का लिन चाहने इच्छुक महानुभावले तपसिलको शर्तको अधिनमा रहीगोप्य शिलबन्दी टेन्डर भरी बुझाउनु हुन यो सूचनाप्रकाशित गरिएको छ ।

शर्तहरु :

१. तोपामवेशी हाटको लागि आगामीआर्थिक बर्ष २०७७/०७८ को निर्धारित न्यूनतम रकम रु. ३०,८७,७७१/-(अक्षरेपि रु तिस लाख सतासी हजार सात सय एकहतरी रुपैयाँ मात्र) रहेको छ ।

२. तोपामवेशी हाटको गोप्य शिलबन्दी टेन्डरको सूचना प्रकाशित भएको मितिले ७(सात दिन (२०७७।०७।१०) भित्र टेन्डर फारम रु. ३०००/-(अक्षरेपि रु. तिन हजार मात्र) फिर्ता नहुने गरी तिरी टेन्डर फारम खरिद गर्न सकिनेछ । एक जनालाई एउटा टेन्डर फारम मात्र दिइनेछ ।

३. गोप्यशिलबन्दी टेन्डर फारम मिति२०७७/७/११..गते दिनको १२ बजेसम्म गाउँपालिकाको कार्यालय तिलाठीमा दर्ता गरिनेछ । दर्ता भएका फारमहरु सोही दिन दिनको २ बजे गाउँपालिका कार्यालयमा टेन्डर फारम दर्ता गरेका व्यक्ति वा प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ ।

४. सबैभन्दा बढी अंक कबोल गर्ने व्यक्तिलाई ठेक्का दिइनेछ ।

६. कबोल गरेको ठेक्काको रकम एकमुष्ठ नगद बुझाउनु पर्नेछ ।

७. नेपालीनागरिक भए ठेक्का कबोल गरेको अंकको ५(पांच) प्रतिशत र विदेशी नागरिक भए १०(दश) प्रतिशत रकम वा यस गाउँपालिका कार्यालयको नाममा रहेको एन.एम.बि बैंक, तिलाठी,सप्तरी स्थित धरौटी खाता नं. १०८००८५०९६८०००७६ मा जम्मा गरेको सक्कलै भौचर वा नगद साथ नेपालीनागरिकको हकमा नागरिकताको प्रतिलिपी सहित खाम भित्र राखी दाखिल गर्नु पर्नेछ ।

८. ठेक्का स्वीकृत भएको मितिले ७(सात) दिन भित्र चलनपूर्जी लिई सक्नु पर्नेछ ।अन्यथा राखेको धरौटी रकम स्वत:जफतहुनेछ ।

९. तोपामवेशी हाटको चलनपूर्जी लिंदा सकार गरेको रकममध्ये धरौटी बाहेकको बाँकी सम्पूर्ण रकम यस कार्यालयको नाममा रहेको एन.एम.बि.बैंक,तिलाठी,सप्तरी स्थित सञ्चित कोष खाता नं. १०८००८५०९६८०००१२ मा जम्मा गरी सो को सक्कल भौचर कार्यालयमा पेश गरेपछि मात्र चलनपूर्जी दिइनेछ ।

१०. तोपामवेशी हाटको निर्धारित रकम ३०,८७,७७१/-(अक्षरेपि रु. रु तिस लाख सतासी हजार सात सय एकहतरी रुपैयाँ मात्र) भन्दाकमभएको टेन्डर स्वीकृत हुने छैन ।

११. तिलाठी कोइलाडी गाउँपालिकाको कुनै रकम बाँकी बक्यौताहुने व्यक्तिको टेन्डर स्वीकृत हुने छैन ।

१२. हटिया ठेक्का स्वीकृत हुने ठेकेदारले खरिद गर्ने व्यक्तिसँग सयकडा २(दुई) प्रतिशतका दरले तथा विक्री गर्नेसँग प्रतिगोटा रु. १५/-(पन्द्रह रुपैयाँमात्र) का दरले असुल गर्नु पर्नेछ ।

१३. माथिउल्लेखितशर्तबाहेक स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिमहुनेछ ।

१४. टेन्डर स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गाउँपालिकाको कार्यालयमानिहित रहनेछ ।

१५. अन्यविस्तृत जानकारीको लागि गाउँपालिकाको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

२०७७/०७/०४

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत